निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक बर्ष २०८३।०८४ को लागि लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको च नं ६१९ मिति २०८२।१२।२७ को पत्रानुसार समपूरक तथा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय,देउखुरीको चं.नं. २४८,मिति २०८२।१२।२९ को पत्रानुसार प्रदेश बिशेष तर्फका अनुदानको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार तिनाउ गाउँपालिकाले देहायबमोजिमका आयोजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत गरियो।

देहायः

**<u>समपूरक तर्फः</u>**

१. खुर्सानी देखि १ नं वडा कार्यालय हुँदै पाहारे सम्म मोटर बाटो स्तरोन्नती आयोजना : कुल लागत अनुमान रकम रु.२ करोड रुपैयाँ मात्र।
२. डुम्रे मस्याम हुँदै वडा नं ६ कार्यालय सम्मको पहुँच मार्ग स्तरोन्नती आयोजना : कुल लागत अनुमान रकम रु.२ करोड रुपैयाँ मात्र।

**<u>बिशेष आयोजना तर्फः</u>**

१. मरामकोट लिफ्टिङ्ग खानेपानी आयोजना: कुल लागत अनुमान रु. ४० लाख रुपैयाँ मात्र।
२. वडा नं ३ आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण आयोजना : कुल लागत अनुमान रु. ४० लाख रुपैयाँ मात्र।

निर्णय नं.३ : प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा लुम्बिनी प्रदेश सरकार पर्यटन तथा यातायात मन्त्रालयबाट हस्तान्तरण ग्रहण गरि प्राप्त गरिएको नुवाकोट सांस्कृतिक डबली गाउँपालिकाको नुवाकोट सांस्कृतिक डबली सञ्चालन तथा व्यवस्थापन कार्यविधी अनुरुप हुने गरि सञ्चालन तथा व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.४ : प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा तिनाउ गाउँपालिको जग्गा वर्गीकरण सम्बन्धी कार्य गर्नको लागि जिम्मेवारी पाएको परामर्शदाता श्री लोकस इन्जिनियरिङ सर्भिसेज प्रा.लि. ,भक्तपुरले जग्गा वर्गीकरणका कानुनी तथा व्यवहारगत आवश्यकता तथा जटिलता बारे अभिमुखिकरण गरि आवश्य सहजीकरणको लागि जनप्रतिनिधी तथा कर्मचारीहरुमा अनुरोध गर्ने काम गरियो ।